# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

## कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८३/०३/०५)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०३/०३ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्तावहरु:</u>**

१. जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा,

२. धवलागिरी गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम सम्बन्धमा,

३. गाउँसभाको वर्षे अधिवेशन आह्वान सम्बन्धमा,

४. हालसम्म सम्पन्न योजनाहरु फरफारक सम्बन्धमा,

५. विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका जग्गाहरुको रजिष्ट्रेशन पारीत हुने लिखतमा आगामी आ.व. २०८३/८४ मा न्यूनतम थैली अंक कायम गर्ने प्रयोजनको लागि हाल कायम रहेका तथा नयाँ खोलिएका तपशिल बमोजिमका मोटरबाटोहरुको न्यूनतम मुल्याङ्कन देहाय बमोजिम हुने गरि कायम गर्नका लागि भूमि प्रशासन कार्यालय बेनी म्याग्दीमा लेखि पठाउने निर्णय गरियो।

⇨ **धवलागिरी गाउँपालिका वडा नं. १ गुर्जा**

- लुलाङ गुर्जा मोटरबाटोले छुने दाँयाबाँयाका घडेरी योग्य जग्गाको प्रति रोपनी रु.२५००००

⇨ **धवलागिरी** गाउँपालिका **वडा नं. २ लुलाङ**

- मुना ढोरपाटन मोटर बाटो अन्तर्गत मटला खोरिया पैरनी नयाँवन मरेनी सम्म मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गाहरु प्रति रोपनी रु.२५००००
- खोरिया हुदै लमसुङ लुलाङ गुर्जा सडकको खोरिया लमसुङ र लुलाङको मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गाहरु प्रति रोपनी रु.२५००००
- पाङग्राबोट तोसकाटे शाखा मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.१५००००
- खोरिया माझकटेरी शाखा मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.१५००००
- च्यानडाँडा शिलाटोल शाखा मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.१५००००

⇨ **धवलागिरी गाउँपालिका वडा नं. ३ मुना**

- घट्टेखोलादेखि बाङखोलासम्म मोटरबाटोको दाँया बाँयाका जग्गा घडेरी योग्य प्रति रोपनी रु. ८०००००
- फलियागाउँ सोलबाङ मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रतिरोपनी रु. ३५००००
- साविक मुना गाविसदेखि साविक मुदी गाविस जाने मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. ५०००००
- मुनादेखि मालिका मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३०००००
- बाङखोला-कुनौटा मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३०००००

- मूना बीच गाउँ मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- नयाँबस्ती- दर मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- हिलापोखरी-सोलवाङ-फलियागाउँ मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- फलियागाउँ-माइथान-खिम्सा-मुना मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- खग्रेट-सातमूले मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- मुना-लेवाङ मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- फलियागाउँ-उपल्लो वस्ती- र फलियागाउँ-स्वारा मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००

⇨ **धवलागिरी गाउँपालिका वडा नं. ४ मुदी**

- साविक मुदी गाविस शुरु हुने ठाउँदेखि मुदी बैसधारा मोटर बाटो दाँया बाँया घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००।
- साविक मुदी गाविस झि भीर देखि बराले गोठ छोड्ने डाँडा मुनपर्क हुदै पललार्क खोला मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.२५००००
- साविक मराङ गाविसको सिमाना कल्लेनी देखि बासबोट कर्याङत्याङ खिवाङ खाम्ला केकेछहरा घिम्लेटी मटला धवाङ नाउरा जुगेपानी बगरसम्मको मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- साविक मुदी गाविस केके छहरा देखि मुम्पुजी कालझुर च्यानडाँडा कलडाँडा भदौरे डाँडा खिवाङ बसपार्कसम्म जोड्ने मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- मुदी बसपार्क-स्वास्थ्यचैकी-वडा कार्यालय हुँदै जुनकीनासम्म जोड्ने मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३५००००
- मुदी-नेरवाङ-अर्चे-खोरिया मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.२५००००

⇨ **धवलागिरी गाउँपालिका वडा नं. ५ मल्कबाङ**

- साविक मराङ गाविसको सिमानादेखि मल्कबाङ जोड्ने मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.३०००००
- मल्कबाङ मलम्पार मोटर बाटोको दाँया बायाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.२५००००
- मल्कवाङ-भेडिखाल्टा मोटरबाटो दाँयाबाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.२५००००

⇨ **धवलागिरी गाउँपालिका वडा नं. ६ मराङ**

- मालिका गाउँपालिकाको सिमनादेखि मराङ बेसी वडा कार्यालयसम्म मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. ५०००००

- खाउरीबाङदेखि साविक मल्कबाङ गाविसको सिमानासम्म मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. ३५००००

- मराङ वडा कार्यालयदेखि उपल्लो कुम्री दमका ठुलो गाउँ राम्चे जाने मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. ३०००००
- नामरुकदेखि बुल मलम्पारको सिमानासम्म मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. २५००००
- मालिका गाउँपालिका वडा नं. ७ को भारबाङदेखि साबिक मराङ गाविसको कल्लेनी मोटर दाँया बाँया घडेरी योग्य जग्गा प्रति रोपनी रु. ५०००००
- पन्थोक घण्टीबाङ र अर्वाङ मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. ३५००००
- सत्रबाङ पाखादेखि रिख मोटर बाटो दाँया बाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. ३५००००
- मुनुङदेखि अस्करे मोटर बाटो दायाँ बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु. २५००००

  - **धवलागिरी गाउँपालिका वडा नं.७ ताकम**

- साविक ताकम गाविस धारापानी ताकम सिवाङ मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गाको प्रति रोपनी रु. १००००००
- ताकम हिलापोखरी मोटर बाटोको दाँया बाँयाका घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ५५००००
- ताकमको हमाल चोकदेखि ताकम भित्री बजार मोटर बाटो दाँया बाँयाका घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ८५००००
- ताकम हमाल चोक देखि म्याग्दी खोलाको पक्की पुलसम्मको मोटर बाटो दाँया बाँया घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ५०००००
- धारापानीको भित्री मोटर बाटोको दाँया बाँया मोटर बाटोका घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ५०००००
- ताकम बजार देखि वडा कार्यालय हुदै मुख्य सडकमा जोडिएको मोटर बाटोको दाँया बाँया घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ४०००००
- काफलडाँडा मोटर बाटोको दाँया बाँया घडेरी योग्य जग्गाको प्रति रोपनी रु. ४०००००
- सिवाङ ताकम कोट मोटर बाटोको दाँ बाँयाको घडेरी योग्य जग्गाको प्रति रोपनी रु.४०००००
- दरवाङ ताकम मुना ढोरपाटन सडकको मच्छिम गाउँमा मोटर बाटोको दाँया बाँया पर्ने घडेरी योग्य जग्गाको प्रतिरोपनी रु. ७०००००
- किमचौर-हिलापोखरी- कौसिनी- खोरवाङ मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.२५००००
- किमचौर-झाङ्गा-बगर मोटरबाटो दाँया बाँयाका घडेरी योग्य जग्गा प्रति रोपनी रु.२५००००

२. प्रस्तवा नं. २ उपर छलफल गर्दा यस धवलागिरी गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमाका लागि सम्पूर्ण वडाहरुले २०८३/०३/०५ भित्र राय सुझाव उपलब्ध गराउने निर्णय गरियो।

३. प्रस्तवा नं. ३ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको गाउँसभाको २६ औं अधिवेशन २०८३/०३/०९ गते देखि प्रारम्भ हुने गरि आह्वान गर्ने निर्णय गरियो।

४. प्रस्तवा नं. ४ उपर छलफल गर्दा चालु आ.व. मा सम्झौता भई निर्माण सम्पन्न भएका तपशिल बमोजिमका योजनाहरुलाई भुक्तानी गरिएको रकम अनुमोदन गरि उक्त योजनाहरु फरफारक गर्ने निर्णय गरियो।

- ⇨ गुर्जा बराहा मन्दिर मर्मत
- ⇨ विद्यालय कम्पाउण्ड संरक्षण योजना वडा नं. १
- ⇨ लघु जलविद्युत कुलो मर्मत वडा नं. १
- ⇨ खोरिया सामुदायिक भवन शौचालय र धारा मर्मत
- ⇨ लुलाङ भल तथा ढल निकास
- ⇨ माझकटेरी रेलिङ निर्माण
- ⇨ धवलागिरी मा.वि. रङरोगन तथा झ्याल ढोका मर्मत योजना
- ⇨ सुर्यज्योति आ.वि. घेरावार र शौचालय मर्मत
- ⇨ मुना खेल मैदान विस्तार
- ⇨ दर मोटरबाटो संरक्षण
- ⇨ फलियागाँउ स्वारा मोटरबाटो निर्माण
- ⇨ रचनाको जुर देखि मुना जाने मोटरबाटो निर्माण
- ⇨ लेवाङ मोटरबाटो निर्माण
- ⇨ दर गाउँ खोल्सा व्यवस्थापन
- ⇨ मुना राङ्गोपुन मन्दिर संरक्षण
- ⇨ लक्ष्मी नारायण मन्दिर मर्मत
- ⇨ दलित भवन मर्मत वडा ४
- ⇨ धवलागिरी आ.वि. मर्मत
- ⇨ शिवचुली धुरीमा रेलिङ सहितको गोरेटो बाटो निर्माण
- ⇨ बाङखोला गोरेटो बाटो निर्माण
- ⇨ मुदी मालिका जाने गोरेटो बाटो तथा मन्दिर निर्माण
- ⇨ सिमपरा ढुङ्गा माथि सिँडि सहितको बाटो तथा कल्भर्ट निर्माण
- ⇨ चेचुङ बस्तीमा ढल निकास
- ⇨ बगर जेल्टुङ खापा मर्मत
- ⇨ पँधेरो बोट कुवा मर्मत तथा ढल निकास
- ⇨ मुदी वडा कार्यालय भवन घेरावार
- ⇨ मल्कवाङ स्वास्थ्य चौकीमा सभा हल निर्माण
- ⇨ मल्कवाङ देखि टावरसम्म मोटरवाटो निर्माण
- ⇨ जनचेतना मण्डली आमा समुह भवन मर्मत

- ⇨ स्वास्थ्य चौकी सभाहल र सामुदायिक भवन भान्सा कोठा निर्माण
- ⇨ मराङ स्मृति भवन मर्मत
- ⇨ कल्लेनी सामुदायिक भवन मर्मत
- ⇨ मराङ स्मृति भवन देखि जनविकास विद्यालय सम्म जाने गोरेटो बाटो निर्माण
- ⇨ मराङ सडक मर्मत
- ⇨ मराङ ठुलो गाउँ बिचमा ढल निकास
- ⇨ बागेश्वरी आ.वि. कक्षा कोठा पलाष्टर तथा रङ रोगन
- ⇨ किसानी चन्द्रकुन्ता मा.वि. फर्निचर निर्माण
- ⇨ गोथ खोला कल्भर्ट निर्माण
- ⇨ हिलापोखरी दलित बस्तिमा पदमार्ग निर्माण
- ⇨ हिलापोखरी दलित बस्तिमा पदमार्ग निर्माण
- ⇨ चिप्लेटी देखि आरखोला सम्म घोरेटो बाटो निर्माण
- ⇨ गोत खोलामा कल्भर्ट निर्माण
- ⇨ ताकम बगर घाट जाने घोरेटो बाटो निर्माण तथा खानेपानी निर्माण
- ⇨ काफलडाँडा ढल पूर्णता
- ⇨ सिवाङ गुरुङ समाज भवन निर्माण

५. विविध अन्तर्गत देहाय बमोजिम हुने गरि निर्णय गरियो।

१. विषयगत समितिको बैठक बस्न बाकी समितिका संयोजकहरुले २०८३/०३/०६ गते भित्र विषयगत समितिको बैठक राखि हालसम्मको प्रगति प्रतिवेदन तथा आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण निर्धारण गरि आगामी कार्यापालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

२. २०८३ जेठ १० र ११ गते धवलागिरी गाउँपालिका वडा नं. २ जलजला सम्पन्न भएको पर्यटन पर्यवद्धनका लागि सरोकारवालसँगको अन्तरक्रिया तथा सास्कृतकि कार्यक्रममा भएको खर्च रु १८८७१४४/- अनुमोदन गरि भुक्तानी दिने निर्णय गरियो।

३. संगम म्याग्दीद्धारा गल्स फस्ट फण्डको आर्थिक सहयोगमा सन् २०१९ देखि धवलागिरी गाउँपालिकाका विभिन्न वडाहरुमा निरन्तर रुपमा बाल विवाह न्यूनिकरण परियोजना सञ्चालन गर्दै आएकोमा सन् २०२६ जलाई १ देखि सन् २०२७ जुन ३० सम्मलाई उक्त कार्यक्रम सञ्चालनको लागि अनुमति माग भएको हुँदा माग भए बमोजिम अनुमति प्रदान गर्ने निर्णय गरियो।

४. मानवसेवा आश्रमको बागलुङ नगरपालिका वडा नं ४ मा निर्माणाधिन भवन तथा पूर्वाधार निर्माणको लागि गाउँसभाबाट रु. २०००००।— विनियोजन भएको तथा मिति २०८२/१२/०१ मा जिल्ला समन्वय समितिको कार्यालय बागलुङमा भएको बैठकबाट भवन निर्माण योजनामा स्थानीय तहहरुबाट विनियोजन भएको बजेट बागलुङ नगरपालिकाको खातामा उपलब्ध गराउने निर्णय भए बमोजिम उक्त रु २०००००।— रुपैया बागलुङ नगरपालिकाको खातामा जम्मा गर्ने निर्णय गरियो।

५. सुरक्षित आप्रवासन सम्बन्धि कार्यविधि, २०८३ स्विकृत गर्ने निर्णय गरियो।

६. मराङ सानो तथा ठूलो खोलामा रहेको ह्युम पाइप बर्षाको समयमा बाढीले बगाउने सम्भवाना भएको कारण उक्त ह्युम पाइप पुन प्रयोग गर्ने मिल्ने गरि निकाली सुरक्षित रुपमा राख्ने निर्णय गरियो।साथै कार्य गर्दा भएको खर्च वडा नं ६ ले समन्वय गरि गाउँपालिकामा पेश गरि भुक्तानी दिने निर्णय गरियो।

७. मल्कवाङ देखि मराङसम्मको सडक गत वैशाखको आएको वेमौसमि वर्षको कारण ठाउँठाउमा विग्रिएको हुँदा यातायात सञ्चालन गर्न अत्यन्तै जोखिमपूर्ण भएको हुँदा मर्मतसम्भार तथा सरसफाई गरि प्राविधिक मुल्याङ्कन अनुसारको रकम मोटरबाटो सरसफाई शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

८. लुलाङ-गुर्जा सडकको विसौना भन्ने स्थानमा वर्षाको कारण विग्रिएको मोटरबाटो सोलिङ गर्दा भएको खर्च रु. ८३३०।— मोटरबाटो सरसफाई शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

९. पत्रकार महासंघ म्याग्दीको कार्यालयमा फर्निचर व्यवस्थापनका लागि चालु आ.व. विनियोजन भएको रकमको कार्य सम्पन्न भएको भनि विल भरपाई पेश हुन आएकाले उक्त रकम भुक्तानी दिने निर्णय गरियो।

१०. मुना ढल निकाश निर्माण तथा फलिया गाउँ कबर्ड हल निर्माण कार्य सम्पन्न भएको हुँदा फरफारक गरि अन्तिम किस्ता रकम भुक्तानी दिने निर्णय गरियो।

११. वडा नं. ५ को वडा कार्यालय र स्वास्थ्य चौकीमा २०८३/१/१४ गतेको बर्षा र बाढीको कारण भएको क्षतिको मर्मत तथा सरसफाई सम्पन्न भएको हुँदा प्राविधिक मूल्याङ्कन बमोजिमको रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

१२. कार्यालयको नाममा रहेको ग १ झ ३८७ नं. को सवारी साधन विग्रिए लामो समय देखि मालिका गाउँपालिकाको दरवाङ बजारमा अलपत्र रहेकोमा मर्मत गर्नको लागि राईजिङ स्टार अटो मोबाइल्स, पोखरा मा पठाइएको मा मर्मत सपन्न भई गाडी कार्यालयमा फिर्ता आएको हुँदा उक्त गाडि मर्मत गर्दा भएको खर्च रु. २१०५३५।— भुक्तानी दिने निर्णय गरियो।

१३. जिल्ला समन्वय समितिबाट विभिन्न मितिमा भएका अनुगमनबाट प्राप्त सुझावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि आगामी दिनमा गाउँपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको उदेश्य प्राप्तीमा थप प्रभावकारी रुपमा सबैले भूमिका खेल्ने निर्णय गरियो।